## मिति २०७६।१०।५ को इलाम नगरपालिका, नगर कार्यपालिकाको निर्णय

**निर्णय नं. १**

इलाम नगरपालिका, नगर कार्यपालिकाको कार्य विभाजन नियमावली, २०७४ मा मिति २०७४।११।१० मा पहिलो संशोधन भई नियमावली कार्यान्वयन भइरहेकोमा अझ व्यवस्थित गर्नका लागि सो नियमावलीमा निम्नानुसार संशोधन गर्न आवश्यक भएकोले सोको लागि दोस्रो संशोधन गर्ने निर्णय गरियो ।

| हाल भएको | संशोधन वा थप गर्नु पर्ने | कारण |
|---|---|---|
| दफा २ (च) विषयगत शाखा भन्नाले इलाम नगर कार्यपालिका अन्तर्गतका विषयगत शाखा, उपशाखा कार्यालय वा इकाइलाई समेत सम्झनु पर्छ । यस शव्दले संविधान बमोजिम नगरपालिकालाई तोकिएको कार्यसम्पादन गर्नका लागि नगर कार्यपालिका अन्तर्गत रहने शिक्षा, स्वास्थ्य, कृषि, वन, पशु विकास जस्ता विषयगत कार्यालय वा एकाइलाई समेत सम्झनु पर्छ | दफा २ (च) विषयगत शाखा भन्नाले इलाम नगर कार्यपालिका अन्तर्गतका विषयगत महाशाखा, शाखा, उपशाखा, कार्यालय वा इकाइ वा सेवाकेन्द्रलाई समेत सम्झनु पर्छ । यस शव्दले संविधान र ऐन बमोजिम नगरपालिकालाई तोकिएको कार्यसम्पादन गर्नका लागि नगर कार्यपालिका अन्तर्गत रहने शिक्षा, स्वास्थ्य, कृषि, वन, पशु विकास जस्ता विषयगत कार्यालय वा इकाइ वा सेवाकेन्द्रलाई समेत सम्झनु पर्छ । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ उपदफा १ विषयगत शाखा वा महाशाखा रहेको संगठन संरचना कायम गर्न सक्ने कानुनी व्यवस्था भएकोले |
| दफा ३ (२) नगर कार्यपालिका अन्तर्गत रहने विषयगत शाखा वा कार्यालय वा उपशाखा वा इकाइका विवरण अनुसूची १ मा उल्लेख भए बमोजिम हुनेछ । | दफा ३ (२) नगर कार्यपालिका अन्तर्गत रहने विषयगत महाशाखा वा शाखा वा उपशाखा वा कार्यालय वा इकाइ वा सेवाकेन्द्रको विवरण अनुसूची १ मा उल्लेख भए बमोजिम हुनेछ । अनुसूची १ मा उल्लेख भएको विवरण नगर सभाबाट स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन बमोजिम परिवर्तन भएमा सर्वेक्षण प्रतिवेदन अनुसार परिवर्तित व्यवस्था लागू हुनेछ ।: | नगर कार्य पालिका अन्तर्गतका संगठन संरचना लाई संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन बमोजिम परिवर्तन गरी लागू गर्नु पर्ने भएकोले । |
| दफा ४ (२) नगर कार्यपालिकाले उपनियम (१) बमोजिमका विषयगत शाखाका काममा आवश्यकतानुसार थपघट गर्न सक्नेछ । | दफा ४ (२) नगर कार्यपालिकाले उपनियम (१) बमोजिमका विषयगत महाशाखा, शाखा, उपशाखा, कार्यालय, इकाइ, सेवाकेन्द्रका काममा आवश्यकतानुसार थपघट गर्न सक्नेछ । | ऐन बमोजिम महाशाखा समेतको व्यवस्था भएकोले सो शव्द राख्न |
| | दफा ४ (७) नगर कार्यपालिकाले आफ्नो कार्यसम्पादनका लागि आवश्यकतानुसार समिति, उपसमिति, कार्यदल, प्रतिष्ठान, संस्था गठन गर्न सक्नेछ । | नगर कार्यपालिकाको कामकाज थप सहज बनाउन अन्य संरचना आवश्यक भएकोले |

**निर्णय नं. २**

इलाम नगरपालिका, नगर कार्यपालिकाको कार्यसम्पादन नियमावली, २०७४ मा मिति २०७४।११।१० मा पहिलो संशोधन भई नियमावली कार्यान्वयन भइरहेकोमा अझ व्यवस्थित गर्नका लागि सो नियमावलीमा निम्नानुसार संशोधन गर्न आवश्यक भएकोले सोको लागि दोस्रो संशोधन गर्ने निर्णय गरियो ।

| हाल भएको | संशोधन वा थप गर्नु पर्ने | कारण |
|---|---|---|
| | दफा २ (ड) विषयगत शाखा भन्नाले इलाम नगर कार्यपालिका अन्तर्गतका विषयगत महाशाखा, शाखा, उपशाखा, कार्यालय वा इकाइ वा सेवाकेन्द्रलाई समेत सम्झनु पर्छ । यस शव्दले संविधान र ऐन बमोजिम नगरपालिकालाई तोकिएको कार्यसम्पादन गर्नका लागि नगर कार्यपालिका अन्तर्गत रहने शिक्षा, स्वास्थ्य, कृषि, वन, पशु विकास जस्ता विषयगत कार्यालय वा इकाइ वा सेवाकेन्द्रलाई समेत सम्झनु पर्छ । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ उपदफा १ विषयगत शाखा वा महाशाखा रहेको संगठन संरचना कायम गर्न सक्ने कानुनी व्यवस्था भएकोले |

## मिति २०७६।१०।५ को इलाम नगरपालिका, नगर कार्यपालिकाको निर्णय

**निर्णय नं. ३**

इलाम नगरपालिका अन्तर्गत लिक्विड पेट्रोलियम ग्यासको खपतलाई कम गरी स्थानीय विद्युतको खपतलाई बृद्धि गरेर आयात प्रतिस्थापन गरी मुद्रा विदेशिने कार्य नियन्त्रण गर्नका लागि विद्युतीय उपकरणहरुको प्रयोगमा जोड दिनका लागि इन्डक्सन चुल्होको प्रयोगलाई प्रोत्साहित गरी इन्डक्सन चुल्हो अनुदान वितरण गर्ने नगरपालिकाको नीतिलाई कार्यान्वियन तथा व्यवस्थित गर्न कार्यविधि जारी गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) ले दिएको अधिकारलाई प्रयोग गरी “इलाम नगरपालिका, इन्डक्सन चुल्हो अनुदान वितरण कार्यविधि, २०७६” स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो । साथै सो कार्यविधिको अनुसूची १ अनुसार वडा कार्यालयमार्फत आवेदन संकलनका लागि १५ दिने सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, नगरपालिकाले स्वीकृत गरेको ऐन, नियम, कार्यविधि तथा निर्देशिकाहरु र नगरपालिकको मौजुदा कर्मचारीलाई समेत अध्ययन गरी स्थानीय सरकार संचालन ऐन, २०७४ ले दिएको अधिकार क्षेत्रलाई कार्यान्वयन र व्यवस्थापन गर्न सहज र उपयुक्त हुने ढङ्गले इलाम नगरपालिकाको दूरदृष्टि, आर्थिक समृद्धिका आधारहरु, लगानीका संभावनाहरु र नगरपालिकाले तयार गर्दै गरेको २० बर्षे अवधारणा समेतलाई समेत दृष्टिगत गरेर स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (१) बमोजिम कर्मचारी दरवन्दी, महाशाखा, शाखा, उपशाखा, इकाइ, सेवाकेन्द्रहरुको गठन, सम्मिलन तथा खारेजी सम्बन्धी स्पष्ट र आधारयुक्त प्रतिवेदन तयारीका लागि स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, महिला विकास प्रशिक्षण केन्द्र ललितपुरसँग मिति २०७६।७।२९ मा सम्झौता भई नगरपालिकाको संगठन र व्यवस्थापन (O & M) सर्वेक्षण अध्ययन कार्य भई प्राप्त प्रतिवेदन र प्रशासन शाखाको मिति २०७६।१०।५ को टिप्पणी समेत मा छलफल हुँदा सो इलाम नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन, २०७६ लाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(१०) बमोजिम आगामी नगर सभामा स्वीकृतिका लागि पेश गर्ने र प्रतिवेदनलाई कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

इलाम नगरपालिकाको आ.ब. २०७६।०७८ को लागि निम्नानुसार आय व्ययको प्रक्षेपण गरी नेपाल सरकार, राष्ट्रिय मा पठाइएकोमा सो अनुमोदन गर्ने निर्णय गरियो ।

आय :

| सि.नं. | आय शीर्षक | आ.ब. ०७५।०७६ को यथार्थ | आ.ब. ०७६।०७७ को अनुमानित | आ.ब. ०७६।०७७ को पौष १५ सम्मको यथार्थ | आ.ब. ०७६।०७७ को संशोधित अनुमान | आ.ब. ०७७।०७८ को प्रस्तावित |
|---|---|---|---|---|---|---|
| **आय** | | | | | | |
| १ | आन्तरिक आय | ११,६९,३९,४५९।०७ | ११,००,००,०००।०० | ३,९६,३७,१५३।१० | ११,००,००,०००।०० | १३,७५,००,०००।०० |
| २ | राजश्व बाँडफाँड | ९,१९,८५,३६७।०० | १३,७२,४८,०००।०० | ३,९६,५१,७८९।८३ | १३,७२,४८,०००।०० | १७,१५,६०,०००।०० |
| ३ | वित्तीय हस्तान्तरण | ५०,२८,५३,०००।०० | ४९,२१,६०,०००।०० | २७,३२,५४,६००।०० | ४९,५१,५७,६००।०० | ६३,६४,५०,०००।०० |
| | जम्मा आय | ७१,१७,७७,८२६।०७ | ७३,९४,०८,०००।०० | ३५,२५,४३,५४२।९३ | ७४,२४,०५,६००।०० | ९४,५५,१०,०००।०० |
| **व्यय** | | | | | | |
| १ | चालु | ३,३८,०७,३३५।१० | ४५,५८,६२,०००।०० | १७,७४,५०,५३७।१२ | ४५,५८,६२,०००।०० | ५६,८५,६७,५००।०० |
| २ | पूँजीगत | ३२,७७,४३,९३७।६१ | २७,६१,७८,०००।०० | ४,७८,८०,९३०।५१ | २७,६१,७८,०००।०० | ३४,५२,२२,५००।०० |
| ३ | जम्मा व्यय | ६६,५८,१७,२९३।७१ | ७३,२०,४०,०००।०० | २२,५३,३१,४६७।६३ | ७३,२०,४०,०००।०० | ९१,३७,९०,०००।०० |
| ४ | ऋण | २७७१२९०५२।२३ | ४,२८,०६,५१६।२३ | ५६,८३,८३,७८०।७७ | ५८,३८,३७८।७७ | ५,६६,३२,२६७।३५ |

**निर्णय नं. ६**

इलाम नगर कार्यपालिकाको मिति २०७६।६।५ को निर्णयानुसार चालु आ.ब. ०७६।०७७ को गाईपालन व्यवसाय कार्यक्रमअन्तर्गत इलाम नगरपालिका वार्ड नं. २ बस्ने दिलबहादुर दर्जीको नाममा अनुदान रकम रु २५,०००।०० स्वीकृत भएकोमा निज वैदेशिक रोजगारमा जाने भएको कारणले निजको सट्टा सो अनुदान रकम रु २५,०००।०० भवानीप्रसाद पोखरेलले पाउने गरी स्वीकृत गर्ने निर्णय गरियो ।

साथै चालु आ.ब.को योजना किताबको सि.नं. ३८ सीप विकास शीर्षकको बजेट मध्ये रु १,५०,०००।०० रकम गाईपालन व्यवसाय कार्यक्रममा रकमान्तर गरी इलाम नगरपालिका वार्ड नं. ११ सोयाकमा ६ जना कृषकहरुले पाउने गरी कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

इलाम नगरपालिका न्यायिक समितिको सचिवालयको च.नं. ४८ मिति २०६।९।२४ को पत्रमा छलफल हुँदा न्यायिक समितिको बजेटबाट व्यहोरिने गरी मेलमिलापकर्ताहरुको माध्यमबाट मेलमिलाप गराउने कार्यमा मेलमिलाप हुन सकेकका मुद्दामा प्रति मुद्दा रु १२००।०० र मेलमिलाप हुन नसकेका मुद्दामा प्रति मुद्दा रु ६००।०० का दरले मेलमिलापकर्तालाइ पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो ।

## मिति २०७६।१०।५ को इलाम नगरपालिका, नगर कार्यपालिकाको निर्णय

**निर्णय नं. ८**

चालु आ.ब. २०७६।०७७ को योजना किताबको सि.नं. ३९३ मा इलाम नगरपालिका वार्ड नं. ११ मा खोनपानी योजना संचालनका लागि रु २५,००,०००।०० रकम विनियोजित रहेकोमा सो योजना परिवर्तन गरी विनियोजित बजेटलाई राकासेदेखि वडा कार्यालयसम्मको बाटो चौडा गर्ने र ग्राभेल हाल्ने कार्य गर्ने गरी राकासे वडा कार्यालय बाटो स्तरोन्नति योजनामा खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

इलाम नगरपालिकाअन्तर्गत करारमा कर्मचारी नियुक्ति र कर्मचारी बढुवा सम्बन्धी निम्न कार्यहरु सम्पन्न भएको जानकारी भयो ।

(क) सहायक चौथो पदबाट सहायक पाँचौ पदमा होम शिवाकोटी, रेबुराज आचार्य, तिला शर्मा र हेमराज ढकाल र अ.स.इ. चौथो पदबाट स.इ. पाँचौमा मोहन शमसेर कुँवर, बिमल ढुंगाना, कुलदिप घिमिरेको बढुवा ।

(ख) अ.हे.व. (चौथों) मा गोबिन्द ढकाल, अ.न.मि.(चौथो) मा एलिना थेबे र ममता लोक्तान, ना.प्रा.स. कृषि (चौथो) मा मासेमी लिम्बुलाई करारमा नियुक्ति ।

**निर्णय नं. १०**

नगर कार्यपालिकाको मिति २०७६।८।१३ को निर्णयानुसार विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०७५ बमोजिम कडा रोग लागी औषधोपचारका लागि सिफारिस भएका बिरामीहरुलाई राहत स्वरुप मिति २०७६।८।१५ देखि लागू हुने गरी प्रति व्यक्ति एक पटकका लागि रु १०,०००।०० राहत सुविधा सहयोग गर्ने भनिएकोमा सो सुविधा वितरण गर्ने कार्यलाई व्यवस्थित गर्नु पर्ने भएकोले कडा रोग लागी औषधोपचारका लागि न.पा. बाट सिफारिस भई औषधोपचार गराई नेपाल सरकारबाट सो सुविधा लिइ सकेको अस्पतालको प्रमाण पेश भएपश्चात मात्र न.पा. बाट उपलब्ध गराउने राहत सुविधा वितरणको व्यवस्था मिलाउने निर्णय गरियो ।

## मिति २०७६।१०।५ को इलाम नगरपालिका, नगर कार्यपालिकाको निर्णय

**निर्णय नं. १०**

नगर कार्यपालिकाको मिति २०७६।८।१३ को निर्णयानुसार विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०७५ बमोजिम कडा रोग लागी औषधोपचारका लागि सिफारिस भएका बिरामीहरुलाई राहत स्वरुप मिति २०७६।८।१५ देखि लागू हुने गरी प्रति व्यक्ति एक पटकका लागि रु १०,०००।०० राहत सुविधा सहयोग गर्ने भनिएकोमा सो सुविधा वितरण गर्ने कार्यलाई व्यवस्थित गर्नु पर्ने भएकोले कडा रोग लागी औषधोपचारका लागि न.पा. बाट सिफारिस भई औषधोपचार गराई नेपाल सरकारबाट सो सुविधा लिइ सकेको अस्पतालको प्रमाण पेश भएपश्चात मात्र न.पा. बाट उपलब्ध गराउने राहत सुविधा वितरणको व्यवस्था मिलाउने निर्णय गरियो ।